# धुनिवेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल


प्रमुख प्रशासकीय अधिकृत

प.सं. २०८२/०८३ मितिः- २०८२/१०/२९
च.नं.:

## सूचना ! सूचना !! सूचना !!!

## " बृद्धबृद्धा विश्रामस्थल संचालन तथा व्यवस्थापन गर्नका लागि व्यक्ति,संघ ,संस्था तथा सहकारीहरुबाट प्रस्ताब आंव्हान गरिएको सूचना"

कार्यक्रमको नाम : "बृद्धबृद्धा विश्रामस्थल संचालन तथा व्यवस्थापन कार्यक्रम"

प्रस्तुत विषयमा धुनिवेशी नगरपालिकामा पिडित जेष्ठ नागरिक महिला , जेष्ठ नागरिक पुरुष पूर्ण अपाङ्गता ,अतिअशक्त अपाङ्गता तथा बेवारिसे भई बिशेष हेरचाह गर्नु पर्ने अबस्थामा भएका व्यक्तिहरुका लागि बृद्धबृद्धा विश्रामस्थल संचालन तथा व्यवस्थापन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस क्षेत्रमा कार्य अनुभब भएका व्यक्ति, गैरसरकारी संघ /संस्था तथा सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक तपशील बमोजीमका कागजात सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशीत गरिएको छ ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१ ). व्यक्ति वा संस्थाले निबेदन र कार्यक्रम संचालनको लागि प्रस्तावना ।

२ ). संस्था दर्ता, नविकरण, विद्यमान प्रशासनिक र आर्थिक नियमावलिको छाँया प्रति ( व्यक्तिको हकमा आवश्यक नपर्ने) ।

३ ) समाज कल्याण परिषद्मा आबद्ध भएको प्रमाणपत्र वा जिल्ला प्रशासन कार्यालय वा धुनिबेशी नगरपालिकामा दर्ता वा सूचीकृत भएको संस्था हुनु पर्नेछ ।

४ ). गत आ .व को बार्षिक प्रतिवेदन तथा लेखापरिक्षण प्रतिबेदन पेश गर्नु पर्नेछ ।

५ ) . संस्थाको भौतिक पूर्वाधार तथा कर्मचारीको अवस्था दर्शाउने कागजात संलग्न गर्नु पर्नेछ ।

६ ) संस्थाको प्रोफाईल ।



फोन : ०१०-४०११९७, इमेलः- dhunibeshimun@gmail.com, info@dhunibeshimun.gov.np, www.dhunibeshimun.gov.np

**न्यूनतम आवश्यक शर्तहरु :**

- सामाजिक क्षेत्र अर्न्तगत सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणमा कार्य अनुभव भएको र कार्य गर्न योग्य पुग्ने आधार भएको संस्था हुनु पर्नेछ ।
- संघ,प्रदेश र स्थानिय तहको कानून बमोजीम कार्यक्रम गर्न प्रतिबद्धता हुनु पर्ने छ ।
- पिडित व्यक्तिलाई सेवा उपलब्ध गराए बापत लाग्ने आवश्यक खर्च समितिको सिफारिसको आधारमा यसै साथ संलग्न खर्च मापदण्ड अनुसार भुक्तानी गरिनेछ ।
- तोकिएको सबै कागजातहरु कार्यालयमा तोकिएको निर्धारित समय भित्र पेश गर्नु पर्नेछ ।

**बृद्धबृद्धा बिश्राम सेवा संचालनको लागि आवश्क मापदण्डहरु :**

१) बृद्धबृद्धा बिश्रामस्थलमा रहने आश्रीतको लागि नास्ता ,खाना र खाजा बापत प्रति महिना प्रति व्यक्ति रु ६५००/- (छ हजार पाँचसय ) उपलब्ध गराईनेछ ।
२) व्यक्तिगत सरसफाईको लागि आबश्क पर्ने सामार्ग्रिहरु जस्तै साबुन, काईयो ,मन्जन , ,ब्रस, तौलिया लगायतका आबश्यक सामाग्री व्यबस्थापन खर्च प्रतिब्यक्ति मासिक रु ५००/- ( अक्षररुपी पाँच सय )उपलब्ध गराईनेछ ।
३) आश्रीतका लागि आवश्यक व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुने जाडो तथा गर्मियामका कपडाहरु नगरपालिकाबाट व्यबस्थापन गरिनेछ । आश्रीतलाई उपलब्ध हुने कपडाहरुको सूची बृद्धबृद्धाबिश्राम स्थल संचालन कार्यबिधि २०८१ को अनुसुची ४ बमोजीमको हुनेछ ।
४) आश्रीतका लागि नगरपालिका भित्रका स्वास्थ्य संस्थाबाट उपचार हुन नसकि अन्य स्वास्थ्य संस्थामा लानु पर्ने भनि अस्पतालबाट सिफारिस भएकोमा उपचारमा लागेको सम्पूर्ण खर्च र कुरुवाको खाना तथा खाजा खर्च बापत बढिमा दैनिक रु ५०० /- उपलब्ध गराईनेछ ।
५) मनोसामाजिक बिमर्श :
पिडित तथा प्रभाबित व्यक्तिहरुका लागि आबश्यक मनोसामाजिक बिमर्श प्रदान गर्न यस नगरपालिकामा कार्यरत रहेको मनोसामाजिकपरामर्श कर्ताबाट परामर्श सेवा उपलब्ध हुनेछ ।
६ अन्य आबश्यक बिषयहरु बिश्रामस्थल व्यवस्थापन समितिको निर्णय बमोजीम हुनेछ ।

**( नोट : थप जानाकारीको लागि महिला ,बालबालिका तथा जेष्ठ नागरिक शाखा वा सम्पर्क नम्बर ९८४०७६२७७० मा सम्पर्क गर्नु हुन अनुरोध छ । )**